मासिक
# विपद् बुलेटिन
२०७८ कार्तिक अंकः ४

## यस भित्र

२ मनसुनपछिको वर्षाले ठूलो क्षति
३ विपद् जोखिम न्यूनिकरणमा नागरिक समाजको सशक्त संलग्नता आवश्यक
४ आधारभूत मानवीय मापदण्ड विषयक प्रशिक्षक प्रशिक्षण सम्पन्न
५ भान्छामा आगलागि भए कसरी निभाउँने ?

## सम्पादकीय

### नेपालले भुकम्प पछिको पुनर्निर्माण सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन गर्ने




भूकम्पपछिको पुनर्निर्माणका क्रममा नेपालले प्राप्त गरेको अनुभव र सिकाइका बारेमा अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराउँने उद्देश्यका साथ राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले मङ्सिर २१ गतेदेखि २३ गतेसम्म काठमाडौँमा अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्ने भएको छ । 'पुनर्निर्माणबाट उत्थानशीलतातर्फ' भन्ने नाराका साथ आयोजना गरिने सम्मेलनमा निजी आवास, सांस्कृतिक सम्पदा, सार्वजनिक पूर्वाधार पुनर्निर्माण, जीविकोपार्जन तथा आर्थिक पुनर्स्थापना र सुशासन लगायतका विषयमा गरिएका अनुसन्धानमूलक प्रस्तुतिका साथै विषयगत गोष्ठी समेत आयोजना गरिनेछ ।

सो सम्मेलनलाई लक्षित गरी प्राधिकरणले www.icnr.nra.gov.np ठेगानाको वेबसाइट समेत संचालनमा ल्याएको छ । प्राधिकरणले सम्मेलनमा सहभागी हुन इच्छुकलाई उक्त वेबसाइट मार्फत नाम दर्ता गर्न अनुरोध गरेको छ ।

*पृष्ठ २ मा क्रमश...*

## गतिविधि

### विपद् जोखिम व्यवस्थापनका लागि नीतिगत सुधारमा जोड



सरकारले विपद् व्यवस्थापन सम्बन्धी नीतिगत सुधारको प्रयास थालेको छ । विगतको अनुभव र हाल कार्यान्वयनको चरणमा रहेका नीति, नियमलाई थप प्रभावकारी र समयसापेक्ष बनाउन पहल थालिएको गृह मन्त्रालयले जनाएको छ । उक्त विषयमा मन्त्रालयले कात्तिक ९ गते विपद् व्यवस्थापन सम्बन्धी नीतिगत सुधारका लागि परामर्श बैठक आयोजना गरेको थियो ।

बैठकमा गृहमन्त्री बालकृष्ण खाँणले नागरिकको जीवन रक्षा राज्यको पहिलो दायित्व रहेकाले त्यसबाट राज्य पछि हट्नै नसक्ने बताउनुभयो । उहाँले आवश्यकताका आधारमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण निर्माण गरिएको उल्लेख गर्दै विपद् जोखिम न्यूनिकरणका क्षेत्रमा काम गर्ने राज्यका संस्थागत संरचना समय सापेक्ष सुधार गर्नुपर्नेमा जोड दिनुभयो । मन्त्री खाँणले विपद्सँग जुध्न अधिकार प्रत्यायोजन गरेर मात्रै नहुने भन्दै विपद्मा सबै तहका सरकारको समन्वय र सक्रियताको खाँचो रहेकाले सङ्घ, प्रदेश र स्थानीय तह सँगसँगै अघि बढ्नुपर्नेमा जोड दिनु भयो । उहाँले विपद् व्यवस्थापनका विषयमा ऐन, कानुनमा उल्लेख छैन भनेर काम गर्न बिर्सन नहुने र त्यसप्रति मन्त्रालय सचेत रहेको बताउनुभयो । विपद्पछिको पुनर्निर्माणमा कसले काम गर्ने भन्नेमा समन्वय अभाव देखिएकाले त्यसलाई चिर्दै अघि बढ्ने क्रममा मन्त्रालय आवश्यक सहयोग र समन्वय गर्न प्रतिबद्ध रहेको बताउनुभयो । गृहमन्त्री खाँणले सुरक्षा निकायले जस्तै गरी अन्य सरकारी निकाय पनि विपद् व्यवस्थापनमा लाग्न आवश्यक रहेको बताउनुभयो ।

गृह सचिव टेकनारायण पाण्डेले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि कस्तो संरचनाको आवश्यकता छ भन्ने विषयमा गम्भीर छलफलको आवश्यकता रहेको औंल्याउनुभयो । विपद् प्रति मानिसमा चासो र सूचना वृद्धि गर्नं आवश्यक रहेको पनि उहाँले बताउनुभयो । सो छलफलका सहभागीहरुले गृह मन्त्रालय र प्राधिकरणको भूमिकालाई कानुनतः स्पष्ट पार्नुपर्ने, अन्तरप्रदेश समन्वय बढाउनुपर्ने, समन्वयगत निकायबीचको सूचना आदान प्रदान र सहकार्यलाई सशक्त बनाउनुपर्ने सुझाव दिएका थिए । उनिहरुले विपद्पछि राहत उद्धार भन्दा जोखिम न्यूनीकरणमा ध्यान दिन मन्त्रालयलाई सुझाव दिएका थिए ।

गृह मन्त्रालयको विपद् व्यवस्थापन महाशाखा प्रमुख हुमकला पाण्डेले बैठकमा आएका सुझावलाई एकिकृत गरेर मन्त्रालयमा प्रतिवेदन बुझाउने जानकारी दिदै यी सुझावहरु विपद् सम्बन्धीका नीतिगत सुधारका लागि महत्वपूर्ण हुने जानकारी दिनुभयो ।

पृष्ठ १ बाट क्रमश...





यो सम्मेलनले नेपाललाई सन् २०३० सम्ममा विपद् जोखिममुक्त देशका रुपमा स्थापित गर्ने लक्ष्यलाई पूरा गर्न सहयोग गर्ने विश्वास गरिएको छ। प्राधिकरणले भूकम्पपछिको पुनर्निर्माणका अनुभव र सिकाइ भावी पुस्तालाई हस्तान्तरण गर्न अभिलेखिकरणको काम समेत गरेको छ।

सम्मेलन आयोजक समितिका संयोजक एवम् प्राधिकरण कार्यकारी समितिका सदस्य डा चन्द्रबहादुर श्रेष्ठले राजनीतिक दल, सञ्चारकर्मी र दातृ निकायले भूकम्पपछिको पुनर्निर्माणलाई कसरी हेरेका छन् भनी छुट्टाछुट्टै सत्र राख्न लागिएको जानकारी दिनुभयो।

विसं २०७२ वैशाख १२ र २९ गतेको भूकम्प र त्यसपछिका पराकम्पका कारण भत्केका संरचना पुनर्निर्माणका लागि सोहि वर्ष पुस १० गते प्राधिकरण स्थापना भएको थियो। आगामी पुस ९ गते छ वर्षे कार्यकाल सक्न लागेको प्राधिकरणले पुनर्निर्माणका बाँकी काम विषयगत कार्यालयलाई हस्तान्तरण गरिसकेको छ। प्राधिकरणले नै गरिरहेका केही काम भने त्यस अवधिमै सक्ने गरी तयारी भएको छ।

प्राधिकरणले भूकम्पमा क्षतिग्रस्त भएका सात लाखभन्दा बढी घरको पुनर्निर्माण सम्पन्न भएको जनाएको छ। सरकारले भूकम्प प्रभावित भनी सूचीकृत गरेका ३२ जिल्लामा जम्मा लाभग्राही आठ लाख ६६ हजार १६० रहेका छन्। तीमध्ये आठ लाख २९ हजार ६६७ सँग अनुदान सम्झौता भएको थियो। भूकम्पको साँढे सात वर्ष बित्दा कूल लाभग्राहीमध्ये झण्डै ८५ प्रतिशतले घर सम्पन्न गरेर पूरा किस्ता लिइसकेका छन्। प्राधिकरणले एक हजार १०२ सम्भावित बस्तीलाई जोखिमयुक्त बस्तीका रुपमा सूचीकृत गरेको थियो।

७ हजार ५८३ विद्यालयको पुनर्निर्माण गर्नुपर्नेमा ६ हजार ६४७ सम्पन्न भइसकेको छ। भूकम्पका समयमा एक हजार १६४ स्वास्थ्य संस्था क्षतिग्रस्त भएकोमा ७ सय ५१ निर्माण सम्पन्न भइसकेको छ। अन्य सरकारी भवनमा ४ सय १४ भवन क्षतिग्रस्त रहेकामा ३८८ सम्पन्न भएको छ। त्यसैगरी पुरातात्विक सम्पदामध्ये ९२० पुनर्निर्माण गर्नुपर्नेमा ५८६ सम्पन्न भइसकेको छ।

पुनर्निर्माण गर्नुपर्ने देशभरका एक हजार २९७ गुम्बामध्ये हालसम्म ३७३ गुम्बाको पुनर्निर्माण सम्पन्न भइसकेको छ। अझै १०७ गुम्बा निर्माणाधीन अवस्थामा रहेको र ६५८ सुरु भइनसकेको जनाइएको छ।

पुनर्निर्माणको क्रममा सुरक्षित निर्माणमा झण्डै एक लाख डकर्मी र सिकर्मी तथा ६ हजार प्राविधिक उत्पादन भएको पनि प्राधिकरणले जनाएको छ। यी लगायतका उपलब्धि, सिकाइ र अनुभवहरु यो सम्मेलनमा प्रस्तुत गरिनेछ।

त



सामान्यतया विगतमा १० वर्षयता जुन १० मा मनसुन भित्रिएर सेप्टेम्बर २३ मा बाहिरिन्थ्यो। यो वर्ष भने १३ जुनमा मनसुन भित्रिएको थियो। नेपालमा सरदर वर्षाको आँकडा विश्लेषण गरेर मनसुनको मिति तय गरिनेछ। कहिलेकाहीँ केही दिन ढिला र केही दिन चाँडो पनि मनसुन भित्रिने र बाहिरिने हुन्छ। यसपालि पनि त्यही भएको मौसमविद्को भनाइ छ।

यो वर्ष अक्टोबर ११ मा आठ दिन ढिला गरी मनसुन बाहिरियो। मनसुन बाहिरिएपछि लगत्तै वर्षा हुने अनुमान थिएन तर लगातारको भारी वर्षा (मनसुनी वर्षाझैं) का कारण कात्तिकको पहिलो दिनबाट भने मानवीय र भौतिक क्षतिका घटना सार्वजनिक हुन थाल्यो। कात्तिक १, २, ३ गतेको तीन दिनको अवधिमा १०१ जनाले बाढी, पहिरो र डुबानमा परेर ज्यान गुमाउन पुगे। अझै कयौं व्यक्ति हराइरहेका छन्। सयौं परिवार विस्थापित भएका छन् भने झण्डै २० जिल्लामा भौतिक संरचना, सडक, पुल, विद्युत्, टेलिफोन सेवा नराम्ररी प्रभावित भएको छ। कात्तिकमा यति ठूलो वर्षा भएर मुलुक नै प्रभावित हुने गरी ठूलो जनधनको क्षति गराउने कुरा अप्रत्यासित र अकल्पनीय नै हो। जलवायु परिवर्तनको असर हो की भैपरी आउने घटना यसमा मानिसमा आआफ्नै धारणा छ।

खेतबाट भित्र्याउन ठिक्क पारिएको अर्बौंको धान नष्ट भएको छ। यसपटक मनसुन बाहिरिएलगत्तै पश्चिमबाट आउने प्रणाली र बङ्गालको खाडीबाट आएको न्युन चापीय प्रणाली मिसिएर भारी वर्षा भएको हो। मौसमविद्का अनुसार कहिलेकाहीं यस्ता घटना हुनेगर्छ तर यो दुर्लभ घटना हो।

जल तथा मौसम विज्ञान विभागको जलवायु विश्लेषण शाखा प्रमुख, वरिष्ठ मौसमविद् डा इन्दिरा कँडेल यसपटक मनसुन अवधिभर भइराख्ने भन्दा १५ प्रतिशत बढी वर्षा भएको थियो। पोष्ट-मनसुनमा पनि यसपटक निकै धेरै वर्षा भएको उहाँ बताउनुहुन्छ। मनसुन सकिएपछिको यो वर्षा तीस वर्षको औषत वर्षाभन्दा बढी भएको उहाँको भनाइ छ।

# विपद् जोखिम न्यूनिकरणमा नागरिक समाजको सशक्त संलग्नता आवश्यक




विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा नागरिक समाजको संलग्नता सम्बन्धी दुई दिने राष्ट्रिय कार्यशाला सम्पन्न भएको छ । अक्टोवर २० र २१ तारिखमा ललितपुरमा सम्पन्न उक्त कार्यशालामा डिपिनेट नेपालका अध्यक्ष सूर्य बहादुर थापाले नागरिक समाजले गर्ने हरेक कार्यहरुमा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका सवाललाई समावेश गर्न आवश्यक रहेको बताउनुभयो । उहाँले विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि नागरिक समाजको एकिकृत संजाल आवश्यक रहेको र यसलाई संघं, प्रदेश र स्थानीय तहसम्म नै सशक्त ढंगले अघि बढाउँन आवश्यक रहेको बताउनुभयो ।

कार्यशालामा कार्यपत्र प्रस्तुत गर्दै राम कुमार गुरुङले नागरिक समाजले विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा गर्न सक्ने कार्यहरुको आवश्यकता र संभावनाहरुको उजागर गर्दै सेन्दाई कार्य ढाँचाको स्थानीयकरणको आवश्यकता औल्याउँनुभयो ।

कार्यक्रममा विपद् जोखिम व्यवस्थापनसंग जोडिएका विभिन्न सवालहरुमा छलफल समेत गरिएको थियो । खासगरी विपद्लाई विकाससंग जोडेर हेर्न आवश्यक रहेको र यसका लागि नागरिक समाजले महत्वपूर्ण भुमिका खेल्न सक्ने सहभागिहरुको भनाइ थियो । विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनमा काम गर्दा जोडिएका लैंगिक तथा सामाजिक समावेशीकरणको भावनालाई सबैले ख्याल गर्नुपर्नेमा सबैको जोड थियो ।

तालिमका क्रममा २३ जना सहभागीहरुलाई विभिन्न समूहमा विभाजन गरी समूहगत छलफलबाट आएका निष्कर्षहरु प्रस्तुत गरिएको थियो । सहभागिहरुले यस क्षेत्रमा काम गर्दा सकेसम्म स्थानीय श्रोतको प्रयोग गर्नुपर्ने, पैसामुखी हुन नहुने, नागरिक समाजले सशक्त वकालतलाई जोड दिनुपर्ने लगायतका सवालहरु प्रस्तुत गरेका थिए । सहभागिहरुले लैंगिक तथा समावेशी सवाललाई नीतिगत, कार्यक्रमगत तथा क्षमता विकासका दृष्टिले जोड दिन आवश्यक रहेको धारणा राखेका थिए । खासगरी यस्ता विषयमा नीति बनाउँदा अन्तरतहगत सरकारवीच समन्वय र सहकार्य जरुरी रहेको र यसका लागि नागरिक समाजले प्रभावकारी पैरवीको भूमिका खेल्न सक्ने उनिहरुको भनाइ थियो ।

# मनसूनजन्य विपद्को प्रभावकारी पूर्व तयारी सम्बन्धीको वेबिनार सम्पन्न

नेपालमा मनसुनजन्य विपद्को अवस्था र यसको प्रभावकारी पूर्वतयारी तथा अल्पिकरण सम्बन्धीको वेविनार सम्पन्न भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण र नेपाल भौगर्भिक समाजसंगको सहकार्यमा नेपाल विपद् व्यवस्थापन केन्द्रले आयोजना गरेको सो कार्यक्रमको संयोजन प्रकोप पूर्व तयारी संजाल नेपाल (डिपिनेट) ले गरेको थियो । सरकारी, गैरसरकारी, संचार, निजी क्षेत्र लगायतका क्षेत्रबाट ८१ जनाको सहभागिता रहेको सो कार्यक्रममा सरोकारवालाहरुले मनसुनजन्य विपद्को प्रभावकारी पूर्व तयारी मार्फत् यसको जोखिम घटाउन सकिने भएकाले यो वर्षको घटनाबाट पाठ सिक्दै आगामी दिनका लागि सशक्त पूर्व तयारी गर्नुपर्नेमा जोड दिएका थिए ।

राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले राष्ट्रिय विपद् जोखिम न्यूनिकरण परिषद्को निर्णय अनुसार मनसुनजन्य विपद्को पूर्व तयारी र प्रतिकार्य सम्बन्धी योजनाहरु बनाइएको र यसको कार्यान्वयनमा प्राधिकरण सशक्त ढंगले लागेको बताउनुभयो ।

प्रकोप पूर्वतयारी संजाल नेपालका अध्यक्ष सूर्य बहादुर थापाले मनसुनजन्य विपद् न्यूनिकरण तथा व्यवस्थापनमा पहिले भन्दा अहिले धेरै काम भएको तर अझै थप काम गर्न आवश्यक रहेको बताउनु भयो । उहाँले मनसुन पूर्वतयारी योजनाको कार्यान्वयनको अवस्था, यसको रिक्तता र चुनौति तथा सिकाइ बारेमा प्राप्त अनुभव र तथ्यहरु सरोकारवालाहरुको वीचमा आदान प्रदान गर्नुपर्नेमा जोड दिनुभयो । नेपाल भौगर्भिक समाजका अध्यक्ष डा. अनन्त गजुरेलले विपद् जोखिमबाट माथि उठ्न धेरै चुनौतिहरुको सामना गर्नुपर्ने भन्दै यसका लागि खासगरी सम्बन्धित पक्षहरु वीचको सामूहिक कार्य आवश्यक रहेकोले आगामी दिनमा यस किसिमको कार्यलाई थप प्रभावकारी र मजबुत बनाउनु पर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा प्रस्तुत गरिएका विभिन्न प्रस्तुतिहरुमा टिप्पणी गर्दै सहभागिहरुले वर्षा तथा पहिरोको बारेमा पर्याप्त सूचना प्रभावकारी ढंगले प्रवाह गर्न नसक्दा जोखिमलाई सोचेजति घटाउँन नसकिएको बताएका थिए । आगामी दिनमा मनसुनजन्य विपद् जोखिमको न्यूनिकरणका लागि यससंग जोडिएका सरकारी निकाय वीचको समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउन आवश्यक रहेकोमा सबैले जोड दिएका थिए ।

यो वर्षको मनसुनले निम्त्याएको विपद्बाट पाठ सिक्दै आगामी दिनका लागि सुधारसहितको पूर्वतयारी गर्न सहभागिहरुले सम्बन्धित सरकारी निकायलाई सुझाव दिएका थिए । यो कार्यक्रमको संचालन सहजिकरण प्रकोप पूर्व तयारी संजाल नेपालका महासचिव डा. राजु थापाले गर्नु भएको थियो ।

# विपद् जोखिम न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय दिवस-२०२१ को कार्यक्रम सम्पन्न

विपद् जोखिम न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय दिवस-२०२१ को अवसरमा विकासोन्मुख देशहरूको लागि अन्तर्राष्ट्रिय सहयोग कार्यक्रम सम्पन्न भएको छ। 'जुटेर मात्रै छ विपद जोखिम न्यूनीकरण' भन्ने नारासहित संचालित कार्यक्रम कार्तिक ५ गते काठमाडौँको भृकुटीमण्डपमा आयोजना भएको थियो ।

कार्यक्रमको मुख्य आयोजक राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल भूगर्भ समाज र नेपाल जलविज्ञान संघ, खानी तथा भूगर्भ विभाग, विद्युत विकास विभाग, विपद् पूर्वतयारी नेटवर्क नेपाल, त्रिभुवन विश्वविद्यालय, युएनडिपी नेपाल, नेपाल पर्यटन बोर्ड र भूकम्प प्रविधिको राष्ट्रिय समाज-नेपाल, नेपाल पर्यटन बोर्डजस्ता संस्थाहरु रहेका थिए ।



गृहमन्त्री बालकृष्ण खाँडको प्रमुख आतिथ्यमा सम्पन्न भएको कार्यक्रममा देश तथा विदेशका कुल १४५ जना सहभागीको सहभागिता थियो। कार्यक्रमका सहभागीहरुले विपद्को पहिचान र न्यूनीकरणका लागि सङ्घ, प्रदेश र स्थानीय तहले स्थानीय तहबाटै घटनाको मूल कारण पत्ता लगाउन सहकार्य गर्नुपर्ने बताएका थिए ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले विपद् व्यवस्थापन ऐन-२०७७ का प्रमुख बुँदाहरूका बारेमा जानकारी दिँदै 'हटस्पट' क्षेत्र पहिचानको काम भइरहेको बताउनुभयो। उहाँले मेलम्ची गोरखा, मनाङ, दार्चुला बाढी र अन्य जलवायुजन्य प्रकोप, प्रि-मनसुन प्रकोप, बढ्दो समुन्द्री सतह र जलवायु परिवर्तनका कारण हुने जोखिमलगायतका अवस्थाबारे जानकारी दिनुभयो। सरकार, निजी क्षेत्र, सञ्चारमाध्यम लगायतका क्षेत्रको संयुक्त पहलमा मात्र जोखिम न्यूनीकरण सम्भव भएको उहाँको भनाइ थियो ।

कार्यक्रममा सहभागीबीच कोभिड-१९ महामारीको समयमा अक्सिजन सहित चिकित्सा उपकरणको उपलब्धताको स्थिति, कोभिड-१९ महामारीपछिको स्वास्थ्य क्षेत्रको विगत र वर्तमान अवस्थाका बारेमा समेत छलफल भएको थियो ।

# आधारभूत मानवीय मापदण्ड विषयक प्रशिक्षक प्रशिक्षण सम्पन्न




सहयोगमा स्थानीय सरकारहरूलाई संवेदनशील बनाउन सबै स्थानीय तहसम्म पुग्न पर्याप्त जनशक्ति तयार गर्ने प्रक्रियामा रहेको उहांको धारणा थियो ।

त्यस्तै, रत्ननगर नगरपालिका बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख दीपा घिमिरेले आपत्कालिन राहत र प्रतिकार्यको समयमा सबैभन्दा महत्वपूर्ण पक्ष भनेको सबै तहका सरकार र स्थानीय मानवीय संस्थाहरूसँग समन्वय र सहयोग कायम राख्नु रहेको अनुभव राख्नुभएको थियो। कार्यक्रममा बोल्दै अन्य सहभागिहरुले विपद् प्रभावितलाई पनि मर्यादित जीवनको अधिकार हुने भएकाले हरेक सहयोगमा मानवीय सिद्धान्तलाई समेट्नुपर्ने धारणा राखेका थिए ।

रत्ननगर नगरपालिका, गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण केन्द्र नेपाल र विपद् पूर्वतयारी सञ्जाल नेपाल, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था को संयुक्त आयोजनामा आधारभूत मानवीय मापदण्ड विषयक प्रशिक्षक प्रशिक्षण सम्बन्धी राष्ट्रियस्तरको पाँच दिने तालिम सम्पन्न भएको छ। एसियाली प्रकोप पूर्वतयारी केन्द्र, बिल एण्ड मेलिंडा गेट्स फाउन्डेशनको सहयोगमा चितवन जिल्लाको रत्ननगर नगरपालिकामा कार्यक्रम आयोजना गरिएको थियो ।

स्थानीय सरकार, स्थानीय मानवीय संस्था र निजी क्षेत्रमा विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी ज्ञान र सीप फैलाउने उद्देश्यले आयोजना गरिएको तालिममा सरकारी, निजी तथा मानवीय संस्थाका ४३ जनाको सहभागिता थियो। सहभागिमध्ये १० महिला र ३३ पुरुष थिए। तालिममा डिपिनेट नेपालका महासचिव डा. राजु थापाले डिपिनेटले नेपालमा विभिन्न गतिविधिहरू सञ्चालन गर्दै स्फेयर मापदण्डलाई संस्थागत र स्थानीयकरण गर्न सक्रिय रहेको बताउनुभयो। विभिन्न सरोकारवालाहरूको

मानवीय दृष्टिकोण र मापदण्डहरू राहत प्याकेज वितरण लगायत प्रत्येक विपद् जोखिम व्यवस्थापन प्रक्रियाको आधारशिला भएकाले सबैलाई सम्मानपूर्वक बाँच्ने अधिकार रहेको सन्दर्भमा आपत्कालिन अवस्थामा पिडितहरुलाई आवश्यकताको आधारमा राहत प्रदान गर्न तथा मानिसहरूको सुरक्षा, मर्यादा र अधिकारलाई हानि पुग्नबाट जोगाउन भेदभावरहित पहुँचको सुनिश्चित गर्ने कार्यका लागि यो तालिम उपयोगी रहेको सहभागिहरुको भनाइ थियो ।

# भान्छामा आगलागि भए कसरी निभाउँने ?

भान्छामा खाना पकाउँदा वा अन्य कुनै वस्तु तताउँदा र पकाउँदा भाँडामा आगो लाग्ने, मान्छेको कपडामा आगो लाग्ने र आगो समयमा नियन्त्रण गर्न नसक्दा अन्यत्र फैलिने पनि गर्छ । यसलाई नियन्त्रण गर्न नसक्दा कतिपय अवस्थामा मानिसको ज्यान समेत जाने र अन्य किसिमका नोक्सानी हुने जोखिम बढ्छ । यस्ता धेरै घटनाहरु भान्छामा हुने गरेका पनि छन् तर आगो नियन्त्रण गर्ने तरिका जानेको खण्डमा यसको जोखिमबाट बच्न सकिन्छ । यसका लागि निम्न उपायहरु अपनाउँन सकिन्छ ।

- यदि चुल्होमा राखेको भाँडोमा आगो लागेको खण्डमा नआत्तिने तर तुरुन्त नियन्त्रणका उपायहरु अपनाउने ।
- आगो लागेको भाँडोमा पानी नहाल्ने, पानी हालेमा आगो झन् बढ्छ ।
- उपलब्ध भएमा फायर ब्ल्यांकेटले आगो लागेको भाँडो छोप्ने, यदि फायर ब्ल्यांकेट नभएको खण्डमा कुनै ढकनीले भाँडोलाई छोप्ने, यसो गरेमा एकैछिनमा आगो सजिलै निभ्छ ।
- यदि शरिरको कपडामा आगो लागेमा नभाग्ने किनकी भाग्दाखेरी आगोलाई झन् धेरै अक्सिजन प्राप्त हुन्छ, यसले गर्दा आगो झन् छिटो बल्छ ।
- कपडामा आगो सल्किएमा स्टप, ड्रप एण्ड रोलको भूमिका गर्ने । त्यो भनेको सबैभन्दा पहिले दुई हातलाई टाउको माथि तन्काएर भूँइमा सुत्ने अनि जति सक्दो छिटो पुरै शरिरलाई दायाँतिर दुई पटक, बायाँतिर दुई पटक भूईमा रोल गर्ने । यो कार्य जति छिटो गर्न सक्यो, त्यति छिटो आगो निभ्छ ।
- यसो गरेमा शरिरको कपडामा लागेको जस्तोसुकै आगो भए पनि निभ्छ र आफू सुरक्षित हुन सकिन्छ ।
- यी सामान्य र सरल उपाय अपनाएर आगोबाट हुने ठूलो जोखिमलाई न्यून गर्न सकिन्छ ।



**भान्छामा आगलागी भइहाले के गर्ने ?**

## २०७८ बैशाख १ देखि कात्तिक ११ गतेसम्मका विपदका प्रमुख घटना तथा क्षतिको विवरण

| घटना | घटना सङ्ख्या | मृतक | वेपत्ता | घाइते | प्रभावित परिवार | अनुमानित क्षति रु |
|---|---|---|---|---|---|---|
| पहिरो | ३३६ | १७९ | ३५ | १२६ | ६०३ | ३,४६,३५,००० |
| बाढी | १५३ | ५८ | ३७ | १३ | २६७ | ११,५३,९१,५०० |
| अविरल वर्षा | ३५६ | १८ | ० | ४६ | ४९२ | १२,८१,०१,६२० |
| चट्याङ | १७५ | ४९ | ० | १५८ | २५७ | १,६४,६४,८३० |
| सर्पदंश | २३ | २० | ० | ४ | २४ | ० |
| आगलागी | ८३१ | १८ | ० | १४७ | ९८२ | ७९,३१,८८,७४२ |
| डढेलो | ६२ | ३ | ० | १ | २८ | ४,५०,००० |
| हावाहुरी | ३७ | १ | १ | ४ | १०९ | ६४,२४,००० |
| जनावर आक्रमण | १५८ | २८ | ० | ९८ | २१९ | ३५,०४,८०० |
| महामारी | २ | ४ | ० | ७७४ | ७७४ | ० |
| **जम्मा** | **२१३३** | **३७८** | **७३** | **१३७१** | **३७५५** | **१,०९,८१,६०,४९२** |

*श्रोत : राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण*

**बाढि तथा वर्षाको जानकारीका लागिः ११५५ मा फोन गरौं ।**

## अनुरोध

**प्रकोप पूर्वतयारी सञ्जाल नेपाल (डिपिनेट) ले मासिक रुपमा प्रकाशन गर्दै आएको विपद् बुलेटिनलाई निरन्तरता दिएको छ । यो बुलेटिनमा सरकारी निकाय, संयुक्त राष्ट्र संघीय एजेन्सी, गैर सरकारी संस्था, विकास साझेदार, निजी क्षेत्र तथा समुदायबाट विपद्को क्षेत्रमा भए गरेका गतिविधि, सिकाइ, उपलब्धी सम्बन्धी सान्दर्भिक फोटो तथा प्रकाशनका लागि उपयुक्त हुने सामग्री निम्न ठेगानामा पठाउनुहुन हार्दिक अनुरोध गर्दछौं ।**

USAID अमेरिकी जनताबाट
DPNet Nepal

प्रकोप पूर्वतयारी सञ्जाल नेपालको सचिवालय
कार्यालय रेडक्रस रोड, कालीमाटी, काठमाण्डौं
फोन नं. : ०१-४६७२१६५, ६२२६६१३
Email: dpnet@dpnet.org.np
https://www.dpnet.org.np

### स्वीकारोक्ति

यस बुलेटिन भित्रका विषयवस्तु र सामग्री डिपिनेटका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।